स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउडको चर्चित कल्ट-क्लासिक फिल्म 'शोले'का निर्देशक रमेश सिप्पीले अभिनेता राजेश हमाललाई नेपालका अमिताभ बच्चन र धर्मेन्द्र भएको बताएका छन्। सिप्पीले यसो भन्दा हमालले कुनै मौखिक प्रतिक्रिया त जनाएनन् तर, हमालले आफ्नो बडि-ल्यांग्वेज र मौनताबाट त्यसलाई स्वीकारेको जस्तो देखिन्थ्यो। म एउटा कुरा भन्न चाहन्छु।

**आजको विचार...**



आर्थिक...
*(दुई पेजमा)*

पारस खरेल



कलाकार सागर लम्साल पक्राउ परेका छन्। बूढानीलकण्ठबाट उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी रमेश थापाले जानकारी दिए। उनीमाथि अमेरिकामा रहँदै आएकी एक युवतीले बलात्कार आरोप लगाएकी थिइन्। एक वर्ष अघि अमेरिकामै लम्सालले बलात्कार गरेको ती युवतीको आरोप छ। लम्सालमाथि अनुसन्धान गर्न चौतर्फी दबाब परेको थियो। घटनाबारे प्रस्ट पार्दै उनले भनेकी थिइन" कुराकानी हुँदै जाँदा सागर लम्सालले 'तिमी बसेको ठाउँ हेरौं न त' भने।

❐ वर्ष ३१ ❐ अंक २४७ ❐ २०८२ चैत २२ गते आइतबार 5 April 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### अफगानिस्तानमा भूकम्प जादाँ ८ को मृत्यु

**(रासस/सिन्ह्वा)**

**काबुल,** चैत २१/अफगानिस्तानमा शुक्रबार साँझ ५.८ म्याग्निच्युडको भूकम्प गएको छ । अफगानिस्तान राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ता मोहम्मद युसुफ हम्मादका अनुसार यस भूकम्पमा कम्तीमा आठ जनाको मृत्यु भएको छ । भूकम्पको झड्का काबुल प्रान्तमा पनि महसुस गरिएको थियो । यहाँ एक घर पूर्ण रूपमा भत्किएको थियो, जसमा आठ बासिन्दा मृत्यु भएका थिए भने एक बच्चा घाइते भएको थियो । कम्पनको तीव्रता शहरमा पनि महसुस गरिएकोले स्थानीय बासिन्दा ठूलो डरमा परेका थिए । भूकम्पको केन्द्रबिन्दु १८६.४ किलोमिटर गहिराइमा रहेको पाइएको छ । प्रारम्भिक तथ्याङ्क अनुसार एपिसेण्टर ३६.५५ डिग्री उत्तर अक्षांश र ७०.८५ डिग्री पूर्व देशान्तरमा रहेको थियो । गहिरो केन्द्रबिन्दुका कारण सतहमा व्यापक क्षति सीमित रहन सक्छ भन्ने अनुमान गरिएको भए पनि घर भत्किनु र मानिसहरूको मृत्यु हुनुले घटनाको गम्भीरता देखाउँछ । यो भूकम्पले स्थानीय बासिन्दाको जीवनमा ठूलो असर पुऱ्याएको छ । प्रभावित क्षेत्रमा राहत र उद्धार कार्य तत्काल सुरु गरिएको छ । स्थानिय अधिकारीहरूले भूकम्पपीडितलाई सुरक्षित स्थानमा सार्ने र घाइतेलाई उपचारको व्यवस्था गर्ने कामलाई प्राथमिकता दिइरहेका छन् ।

# स्वास्थ्य क्षेत्रमा फड्को मार्दै 'पूर्वखोला'

## वडा-वडामा सुविधा सम्पन्न स्वास्थ्यचौकी भवन निर्माण

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत २१/जिल्लाको पूर्वखोला गाउँपालिकाले स्थानीयलाई सहज स्वास्थ्य सेवा दिने उद्देश्यले यहाँका प्रत्येक वडा-वडाहरुमा स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न थालेको छ । स्वास्थ्य संस्था भए पनि सुविधा सम्पन्न भवन र दक्ष जनशक्ति नहुँदा सामान्य उपचारका लागि घटौं लगाएर यहाँका नागरिक तानसेन र बुटवल जानुपर्ने बाध्यता रहेकोमा पालिकाले अहिले वडा-वडामा सुविधा सम्पन्न भवन निर्माण गरी दक्ष स्वास्थ्यकर्मीमार्फत स्वास्थ्य सेवा दिन लागेको हो ।

जबसम्म नागरिकको स्वास्थ्य सबल हुँदैन तबसम्म अन्य परिवर्तनको पनि अर्थ रहँदैन भनि स्वास्थ्य क्षेत्रमा लगानी बढाउने निर्णय गरी सुविधा सम्पन्न भवनमार्फत सेवा दिन थालेको पालिका अध्यक्ष नुन बहादुर थापाले बताए । उनले स्वास्थ्य क्षेत्रमा दीर्घकालीन प्रतिफलसहितका योजना बनाएर अघि बढेको उल्लेख गरे । ६ वटा वडा रहेको यहाँ गाउँपालिकाले वडा नं. ४ बाहेकका सबै वडाहरूमा नयाँ र गुणस्तरीय भवनबाट स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न थालेको छ । नवनिर्मित दुई वटा भवनको लुम्बिनी



प्रदेशका स्वास्थ्य मन्त्री खेम बहादुर सारु, प्रदेशका अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजु प्रसाद श्रेष्ठ, गाउँपालिका अध्यक्ष नुन बहादुर थापाले संयुक्त रुपमा वडा नं. १ को सिलुवा स्वास्थ्य चौकी र वडा नं. २ को जल्पा स्वास्थ्य चौकी भवनको उद्घाटन गरी सेवाको शुभारम्भ गरेका छन् । पालिका भित्रका ६ वटा वडाहरूमध्ये वडा नं. १ सिलुवा, वडा नं. २ जल्पा, वडा नं. ३ रिङनेरह, वडा नं. ५ विरकोट र वडा नं. ६ हेक्लाङमा संघीयता पछि गाउँपालिकाको प्रमुख अग्रसरमा स्वास्थ्य चौकीहरु निर्माण भएका हुन् । वडा नं. ४ देवीनगरमा पनि स्वास्थ्य चौकी भवन निर्माण कार्य भईरहेको छ । जल्पा र सिलुवा दुवै स्वास्थ्य चौकीको उद्घाटन गर्दै प्रमुख अतिथि एवं प्रदेश स्वास्थ्य मन्त्री सारुले स्वास्थ्यको पूर्वाधार विकासले स्वास्थ्य सेवा प्रवाहमा ठूलो सुधार ल्याउने बताए । हिजोका दिनमा टिनको टहरा र साँघुरो कोठाबाट शुरु भएको गाउँ-गाउँको स्वास्थ्य सेवा अहिले गुणस्तरीय भवनबाट सञ्चालन हुँदै गएको स्वास्थ्य मन्त्री सारुले बताए । सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन पहिलो आवश्कता भौतिक पुर्वाधार भएकाले प्रदेशका १०९ वटै पालिकाको ९ सय ८३ वटै वडामा स्वास्थ्यका पुर्वाधारहरु निर्माणमा प्रदेश सरकारको प्राथमिकता रहेको उनले उल्लेख गरे । राम्रा चिटिक्क परेका भवनमा पर्याप्त कोठाहरु रहेकाले स्वास्थ्य चौकीले प्रदान गर्ने सबै किसिमका स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन कर्मचारी तथा स्वास्थ्यकर्मी सक्रिय भएर लाग्नु पर्नेमा स्वास्थ्य मन्त्री सारुले जोड दिए । प्रदेश सभा सदस्य राजु प्रसाद श्रेष्ठले स्वास्थ्य नै मानिसको जीवन भएकाले आधुनिक पुर्वाधारबाट पूर्वखोलाका जनताले अबका दिनमा अझै गुणस्तरीय प्रभावकारी स्वास्थ्य सेवा पाउने बताए । विकासको आधार नै भौतिक पुर्वाधार भएकाले सिलुवा स्वास्थ्य चौकीमा जनताको चाहाना अनुसार अझै स्वास्थ्य सेवा विस्तार हुने उनले उल्लेख गरे । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजु नेपालले पूर्वखोला गाउँपालिका, प्रदेश र संघ सरकारको त्रिपक्षीय लगानी र सबैको सामूहिक प्रयासबाट सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माण भएकाले पूर्वखोलाका नागरिकले आफ्नै गाउँमा भरपर्दो र गुणस्तरीय उपचार सेवा पाउने बताए । स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले पाल्पामा ८१ वटा वडा मध्ये अधिकासं वडाहरुमा नयाँ स्वास्थ्य चौकीसहित सेवा सञ्चालनमा रहेको बताए । पाल्पा लगातार तीन बर्षसम्म प्रदेशमा उत्कृष्ट बनेको उनले बताए । जिल्लालाई पूर्ण संस्थागत सुत्केरी गराउने जिल्ला घोषण गर्ने तयारीमा कार्यालय जुटेको समेत पोखरेलले बताए । गाउँपालिका स्वास्थ्य शाखा प्रमुख मोहन ढकालले पालिका भित्र स्वास्थ्य चौकीले प्रदान गरेको स्वास्थ्य सेवा उत्कृष्ट रहेको र आगामी दिनमा अझ राम्रो हुँदै जाने बताए । जिल्लाका १० पालिकाहरु मध्ये पूर्वखोलाको स्वास्थ्य सेवा राम्रो भएकाले स्वास्थ्य कार्यालयबाट पुरस्कृत हुँदै आएको उनले बताए । नयाँ निर्माण भएका भवनहरुमा प्रशासन र मेडिकल डिपार्ट छुट्टाछुट्टै रहेका छन् । विरामी दर्ता, बहिरङ्ग विरामी चेकजाँच, गर्भवती चेकजाँच, सुत्केरी कक्ष, औषधी भण्डारण कक्ष, स्टोर, औषधी वितरण कक्ष, ल्याव सेवा, खोप सेवा कक्ष, नर्सिङ कक्ष, परिवार नियोजन तथा मनोपरामर्श कक्ष, माईनटर ओटी कक्ष, व्यस्थित शौचालय रहेका छन् भने प्रशासनतर्फ कार्यालय प्रमुख, लेखा शाखा, बैठक कक्ष, तालिम हल तथा अतिथि कक्षहरु रहेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## क्षयरोग निवारण संस्था पाल्पाद्वारा हाजिरी जवाफ



**पाल्पा,** चैत २१/नेपाल क्षयरोग निवारण संस्था पाल्पा शाखाले हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गरेको छ । उसले जुनियर नाटामा संलग्न विद्यालयहरु बिच अन्तर मावि हाजिरि जवाफ प्रतियोगिता गरेको हो ।

प्रतियोगितामा ७ वटा विद्यालयका प्रतियोगीहरुको सहभागिता रहेको थियो । जहाँ भुसलडाँडा मावि, मोहनकन्या मावि, महेन्द्रवोधी मावि, पद्मपब्लिक नमूना मावि, सेन मावि,जनता मावि र देववाणी संस्कृत तथा साधारण विद्यालयबाट विद्यार्थीहरुले भाग लिएका थिए । प्रतियोगितामा क्षयरोग सम्बन्धी विषय वस्तुलाई प्राथमिकतामा राखी अन्य स्वाथ्य सम्बन्धी र केहि सामान्य ज्ञानबाट प्रश्नोत्तर गरिएको थियो । प्रतियोगितामा सेन मावि प्रथम,पद्मपब्लिक मावि द्वितिय, मोहनकन्या मावि तृतिय र जनता माविका विद्यार्थी सान्त्वना भएका छन् । विजयी प्रतियोगीहरुलाई नगद र प्रमाण पत्रले सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष सुनिल कुमार बस्यालले संस्थाले हाजिरी जवाफ प्रतियोगिता आयोजना गरेर विद्यार्थीहरुलाई क्षयरोगका बारेमा बुझ्ने अवसर प्रदान गरेकोमा खुसी व्यक्त गरे । जनता माविका इतिहास ओली र सेन माविका शिक्षक कमल अर्यालले आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रमको तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख तथा क्षयरोग निवारण संस्थाका आजिवन सदस्य पुस्कर राज रेग्मीले संयोजन गरेका थिए । संस्था पाल्पा शाखाका सभापति विधान प्रसाद श्रेष्ठको अध्यक्षता, संस्थाका सचिव झपेन्द्र गहिरेको सञ्चालनमा कार्यक्रम भएको स्थानीय जयराम सापकोटाले जानकारी दिए ।

## पाल्पा आँखा अस्पतालको अर्धवार्षिक समीक्षा गोष्ठी

**पाल्पा,** चैत २१/तानसेनमा आँखा अस्पतालको अर्धवार्षिक समीक्षा गोष्ठी भएको छ । पाल्पा लायन्स लाकोल आँखा अस्पताल तथा यस अन्तर्गत रहेका आँखा उपचार केन्द्रहरुको अर्धवार्षिक समीक्षा तथा गोष्ठी गरिएको हो ।

कार्यक्रममा अस्पताल र अस्पताल अन्तर्गतका संस्थाहरुले आ-आफ्नो संस्थाको वार्षिक कार्यप्रगति सार्वजनिक गरेका छन् । पाल्पा लायन्स लाकोल आँखा अस्पतालका ब्यवस्थापक जीवनाथ गैरेले कार्यप्रगति प्रस्तुत गरे । उनले हाल अस्पतालले सञ्चालन गर्दै आएको । आखाँको शल्यक्रिया नियमित हुँदै आएको बताए । गैरेले पछिल्लो समय सरकारले बिमा शुल्क समयमा भुक्तानी नगर्दा अस्पताल सञ्चालनमा समस्या आएको समेत गुनासो गरे । कार्यक्रममा कालीगण्डकी आँखा उपचार केन्द्रका इञ्चार्ज सुन्दर रानाले उपचार



केन्द्रमा प्रदेश र स्थानीय निकाय र स्थानीय समाजसेवीहरुबाट उपचार केन्द्रलाई राम्रै सहयोग प्राप्त भएको भन्दै निकट भविष्यमा उपचार केन्द्रलाई आखाँ अस्पतालका रुपमा परिणत गर्ने सोंच रहेको उल्लेख गरे । तिनाउ आँखा उपचार केन्द्रका इञ्चार्ज रमेश साहनीले छ महिनाको अवधिमा गाउँपालिकाको महत्वपूर्ण सहयोगले कार्यक्रम सफल भएको बताउँदै आगामी आर्थिक बर्षको काम लागि पालिका र अस्पताल ब्यवस्थापन समितिबिच थप छलफल भइरहेको बताए । गोष्ठीमा अस्पताल ब्यवस्थापन समितिका सदस्य तथा नेपाल नेत्रज्योति संघका उपाध्यक्ष भिमसेन कार्की, कोषाध्यक्ष बेदराम श्रीस, अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डाक्टर बेबिका फुयाल, कालीगण्डकी आखाँ उपचार केन्द्र तथा सर्जिकल सेन्टर रामपुरका संयोजक भिम विश्व भट्टराई लगायतले भविष्यमा अस्पताल तथा उपचार केन्द्रहरुलाई थपस्तर वृद्धि र ब्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने बारेमा आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रममा अस्पताल र उपचार केन्द्रहरुलाई दातृ तथा स्थानीय निकाय, जिल्लामा रहेका विभिन्न सामाजिक संघ सस्थाहरुसँग समन्वय गरेर अगाडि बढ्नु पर्ने, आँखा उपचार सेवालाई थप गुणस्तरीय र प्रभाकारी बनाउनु पर्ने, सरकारले चस्मामा लगाएको करले सेवाग्राहीहरु मारमा परेकाले त्यस विषयमा अस्पतालले सम्बन्धित निकायसँग पहल गर्नु पर्नेमा सहभागीहरुले जोड दिएका थिए । अस्पताल ब्यवस्थापन समितिका अध्यक्ष बुद्धिप्रसाद शर्माको अध्यक्षता, उपाध्यक्ष भिमसेन कार्कीको स्वागत, सचिव राजेन्द्र लिगलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## डढेलो लाग्न नदिन पूर्व तयारी गरौं

**गर्मीयाम सुरु भएसँगै वन क्षेत्रमा डढेलो लाग्ने जोखिम बढ्ने गर्दछ । चैत र वैशाख महिनामा वन क्षेत्रमा धेरै डढेलो लाग्दा वन वन्यजन्तु, तिनका वासस्थान र जैविक विविधतालाई असर गर्ने गरेको छ । विगतका दृष्टान्तबाट पनि डढेलो कुन समयमा लाग्छ र कहाँ–कहाँ बढी प्रभाव पार्छ भन्ने अनुमान गर्न सहज भएको छ । नेपालमा हरेक वर्ष मध्य फागुनदेखि मध्य वैशाखसम्म डढेलो लाग्छ । त्यसमा पनि चैत १५ को आसपास यसको जोखिम ७४ प्रतिशत र मध्य वैशाखमा ५१ प्रतिशतसम्मले बढ्छ । खासगरी सुकेका पतिङ्गर बढी रहेको, सुक्खा क्षेत्रमा बढी डढेलो लाग्छ । हिउँदमा रूखबाट पात झर्ने र पतिङ्गर जम्मा हुने भएकाले त्यस लगत्तैको समयमा डढेलोको जोखिम बढी हुने गरेको हो । यतिका संकेत पाउँदापाउँदै हामीकहाँ प्रतिकार्यको कमजोर तयारीले गर्दा हरेक वर्ष डढेलोले जनधनको क्षति गरिरहेकै छ ।**

**डढेलो लाग्नुमा मानिस आफैँ पनि जिम्मेवार छ । कतिपय क्षेत्रमा घाँस बाक्लो पलाउँछ भनेर समुदायले नै वनमा डढेलो लगाउने, वस्तुभाउ चरिचरणका निम्ति र वनभोज खान वनक्षेत्रमा जाने र सोही अवस्थामा मानिसले हेलचेक्राइँ गर्नाले बढी मात्रामा डढेलो र आगलागीका घटना हुने गरेका छन् । त्यसैले यस्ता सम्भावित घटना हुन नदिन समग्रमा प्रयास हुन आवश्यक छ । मानिसले आफूलाई नसुधारेसम्म स्थिति झनझन बिग्रिँदै जानेछ । वर्षेनी हुने यस्ता विपत्तिबाट पाठ नसिक्नु, पर्याप्त पूर्व तयारी नगर्नु, विपद् सामना गर्न सरकारी संयन्त्र तयारी अवस्थामा नरहनु विडम्बना हो । जनमानसमा चेतना भएर मात्रै पुग्दैन, उनीहरू यसप्रति संवेदनशील पनि बन्नुपर्छ ।**

**जङ्गलमा लाग्ने डढेलोका हकमा भने स्थानीय समुदाय नै बढी जागरुक हुनुपर्छ । सकेसम्म आगो लाग्नै नदिनेतर्फ जोड दिइनुपर्छ । अहिले देशका केही जिल्लाहरुमा डढेलो लागिरहेको छ । तर अहिलेसम्म प्रभावकारी तयारी थालिएको पाइँदैन । डढेलोबाट बर्सेनि क्षति भइरहँदा पनि सरकारले यसको नियन्त्रणमा खटिने गरी छुट्टै युनिट तयार नगर्नु ठूलो कमजोरी हो । अर्कातिर, सरोकारवाला निकायहरू उत्तरदायी देखिँदैनन् । हरेक वर्ष मनसुनजन्य विपद्को प्रतिकार्य योजना बन्छ, तर डढेलो प्राथमिकतामै पर्दैन । डढेलो व्यवस्थापनप्रति तीनै तहका सरकार कतिसम्म उदासीन छन् भने अहिलेसम्म यसको नियन्त्रणका लागि कति रकम आवश्यक पर्छ भन्ने यकीन समेत गरेका छैनन् । जसले गर्दा हरेक वर्ष डढेलोका कारण ठूलो मानविय तथा भौतिक क्षति हुने गरेको छ । तसर्थ अब डढेलो लाग्न नदिनका लागि सम्बन्धित निकायले पूर्व तयारी गर्नेतर्फ ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

भरोसा टुटेपछि शब्द चाहिँदैन
मौन नै सबैभन्दा ठूलो जवाफ हुन्छ ।
*(शान्ता कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आर्थिक तथा राष्ट्रियताको कसीमा नवीन अपेक्षा



## पारस खरेल

२१ फागुनको चुनावमार्फत मतदाताले रास्वपालाई दुईतिहाइ नजिकको दल बनाइदिए । निर्वाचनमा व्यक्त मतादेशसँगै मुलुकमा प्रधानमन्त्रीको बागडोर बालेन्द्र शाह बालेनले सम्हालेका छन् । निर्वाचनका दौरान व्यक्त रास्वपाको बाचापत्रको कार्यान्वयन नै वर्तमान सरकारको मुख्य कार्यभार हो । यही सेरोफेरोमा यस आलेखमा झन्डै दुईतिहाइको नयाँ सरकारले ध्यान पुऱ्याउँदा उपयुक्त हुने केही मुद्दाहरू र लिँदा मनासिब हुने केही आधारभूत कदम तथा पहलहरूलाई पेश गरिएको छ । मूलत: केही जनमानसलाई शीघ्र फाइदा तथा राहत दिने खालका छन्, केही न्यायिक र सुशासनको धरातलमा उभिएका छन्, केही अर्थतन्त्रलाई सुदृढ बनाउने तथा आर्थिक संवृद्धिको आधार तय गर्ने प्रकृतिका छन् भने अन्य केही राष्ट्रियता सुदृढ पार्ने अभिप्रायका छन् ।

**कृषि र अनुदान :** नेपाली कृषि तथा कृषकलाई आवश्यक परिमाणमा मल समयमै उपलब्ध गराउनु कृषि उत्थानको आधारभूत पूर्वशर्त हो । एकातिर दशकौंदेखि खोक्रो चर्चामै सीमित मल कारखानाको स्थापनाबारे आर्थिक, वित्तीय संभाव्यताको तथ्यपूर्ण टुंगो लगाई स्थापना उपयुक्त देखिएमा चार वर्षभित्र बनाउनुपर्दछ । अर्कोतिर मल समयमै आयात गरी समयमै कृषकको सहज पहुँच रहेको स्थानसम्म पुऱ्याउन सार्वजनिक खरिद, आयात तथा वितरण प्रणालीमा आवश्यक सुधार गर्नु नयाँ सरकारको व्यवस्थापकीय तथा प्रशासनिक क्षमताको न्यूनतम मानक हुनेछ । आयातीत मलमा निर्भर एकमात्र मुलुक नेपाल होइन । यसरी निर्भर सबै मुलुकमा वर्षेनी मल आपूर्तिमा समस्या हुँदैन पनि । मलमा दिइने अनुदान होस् वा खाना पकाउने ग्यासमा प्रदान गरिने अनुदान वा सामाजिक सुरक्षा भत्ता वा विशेष परिस्थितिमा ल्याइने अन्य भत्ता, वास्तविक आवश्यकता रहेका कमजोर वर्गमा राज्यको राहत पुऱ्याउन लक्षित घरधुरी तथा व्यक्तिको देशव्यापी पहिचान तथा सूचीकरण गर्दै सो लागतलाई अद्यावधिक गर्ने प्रणाली स्थापना गर्न अत्यावश्यक छ । स्मरणीय छ, कोभिड महामारीको क्रममा भएका कम्तीमा दुईवटा लामो बन्दाबन्दीपश्चात् तत्व ज्ञान आइटोपलेर तत्कालीन सरकारले अनौपचारिक रोजगारी गुमाएका व्यक्तिहरूमाथि आश्रित निश्चित मापदण्ड पूरा गर्ने (जस्तै विदेशबाट विप्रेषण नपाउने) परिवारलाई दश हजार रूपैयाँ एकमुष्ठ नगदी राहत दिने निर्णय गऱ्यो । त्यसको कार्यान्वयन के कसरी भयो सार्वजनिक चासोको विषय भए तापनि चर्चा र प्रमाण शून्य छ । त्यसैगरी कोभिडको आगमनपछि दुईतिहाइको सरकारले गृहकार्यबिनै ल्याएको अनुदानयुक्त कोभिड बिमा केही महिनामै महामारीसिर्जित संभावित दाबीको बाढी थेग्न नसक्ने देखेपछि खारेज गरियो । तर बिमा अवधि कायम रहेकाहरूमध्ये कोभिड भएकाहरूको बहुसंख्यक दाबी (एक लाख रुपैयाँको) आजसम्म भुक्तानी भएको छैन । न त्यो दुईतिहाइको सरकारले त्यसलाई आफ्नो दायित्व ठान्यो, न त्यो दुब्लाउँदै साधारण बहुमत हुँदै अल्पमतमा झरेको सरकारले, न २०७९ को निर्वाचनपछि बनेका विभिन्न सरकारले, न जेनजी आन्दोलनपश्चात् बनेको अन्तरिम सरकारले नै । अभूतपूर्व महामारीबीच सरकारको पहललाई विश्वास गरी कोभिड बिमा किनेका सर्वसाधरणलाई प्राय सबै पार्टी र सरकारले ठगे । वैदेशिक लगानी आकर्षित गर्न राज्यले नीतिगत स्थिरताबाट आफ्नो बचन पूरा गर्नुपर्ने धेरैले भन्दै अएको विचार दोहोर्याउन नबिर्सिने बहुमतप्राप्त रास्वपाआबद्ध नेता र विचारकले आफ्नै जनतालाई परेको यो अन्यायलाई गम्भिरतापूर्वक लिन फुर्सद पाएका छैनन् । राज्यले यस्तो संवेदनशील विषयमा गरेको बाचाबाट नयाँ सरकारले पुरानावालाहरूको बाचा भन्दै पन्छियो भने उसका आफ्ना अन्य बाचा पनि पत्यारिलो हुने छैनन् । वैदेशिक रोजगारमा जानेहरूमाथि हुने गरेको शोषण अन्त्य गर्नु विदेशबाट विप्रेषण प्राप्त गर्ने कम्तीमा एकचौथाइ प्रतिशत घरधुरी रहेको मुलुकका लागि सुशासनको देखिने रूप हुनेछ । साथै, निर्यातमा दिइने नगद अनुदानको हकमा तोकिएको मापदण्ड पूरा गर्ने निर्यातकर्ताहरूले स्वीकृत अनुदानको रकममा समेत कर तिरी सक्दा पनि हातमा नपर्नु अर्को बेथिति हो । सरकारले अनुदानको लागि आवेदन दिने समयसीमा नसकिँदै आवेदन लिन बन्द गर्नु विधिवतरूपमा निर्यात गरिसकेका व्यवसायीहरूमाथि अन्याय हो ।

**गैरप्रतिस्पर्धात्मक गतिविधि**

अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा रहेका गैरप्रतिस्पर्धात्मक गतिविधिहरूमा अध्ययन, अनुसन्धान, अनुगमन र कानून कार्यान्वयनमार्फत लगाम लगाउँदा जनकल्याण सिद्ध हुन्छ । मुलुकभरि ढुवानी र यात्रुवाहक यातायातमा रहेको सिन्डिकेटलाई व्यवहारमै अन्त गर्दा आमयात्रुलाई पैसा र गुणस्तर दुवैबाट फाइदा हुन्छ भने समग्र मूल्यस्तर र वृद्धिलाई घटाउन सहयोग गर्छ । आयात निर्यातको लागत पनि घट्छ । सिन्डिकेट त केही वर्ष अगाडिको दुईतिहाइको सरकारद्वारा खारेज भएको होइन र ? उत्तरको लागि उत्तरको नाकादेखि काठमाडौंसम्म वा हेटौंडाको एक उद्योगदेखि वीरगञ्ज भन्सारसम्मको एक ट्रकको ढुवानी शुल्क बुझे पुग्छ । नेपालमा यातायातबाहेक कहिँ कतै संगठित रूपमा गैरप्रतिस्पर्धात्मक क्रियाकलाप छैन त ? खाने तेल कति जनाले आयात गरी प्रशोधन गर्दछन् ? सीमित व्यवसायीको हातमा कुनै व्यवसाय रहँदैमा स्वत: गडबडी वा मिलोमतोको आरोप लगाउन मिल्दैन तर नेपाललाई सुशासनको पाठ सिकाइरहने विकसित मुलुकमा चाँहि कतै गैरप्रतिस्पर्धात्मक गतिविधि भइराखेको छ कि जसले गर्दा कृत्रिम अभाव तथा अवाञ्छित मूल्यवृद्धि हुन्छ भनेर प्रतिस्पर्धा सुनिश्चित गर्न खडा निकाय सदैव सचेत रहन्छ । खाने तेलदेखि पकाउने ग्याससम्मका दैनिक उपभोग्य वस्तुमा आन्तरिक गैरप्रतिस्पर्धात्मक गतिविधिहरूबाट हुने अभाव, मूल्यवृद्धि, गुणस्तरमा सम्झौता र अरू तरिकाले उपभोक्ता ठगिने परिपाटीको निवारण समाजवादलाई संविधानको अमूर्त प्रावधान र ओठभक्तिबाट व्यवहारमा ल्याउनुसरह हो ।

**रोजगारी, खुला सिमाना**

दक्ष, अर्धदक्ष र अदक्ष सबैथरी श्रमशक्ति वैदेशिक रोजगारिमा पलायन हुँदा निर्यातजन्य समेत विभिन्न उद्योगहरूलाई व्यवसाय सञ्चालन र निरन्तरताको लागि प्रमुख चुनौती योग्य श्रमिकको अनवरत अभाव भएको यस पंक्तिकार सम्लग्न अध्ययनका क्रममा कम्तिमा तीनवटा सर्वेक्षणले देखाएका छन् । सीटीईभीटीको पाठ्यक्रम र तालिमलाई उद्योगको मागलाई प्रभावकारीरूपमा सम्बोधन गर्ने बनाउन, उद्योगलाई अवश्यक सीपयुक्त जनशक्ति उत्पादन गर्न र सार्वजनिकनिजी साझेदारीअन्तर्गतको एप्रेन्टेस्शिप कार्यक्रमलाई निरन्तर मूल्यांकनमार्फत प्रभावकारी बनाउँदै लैजानतिर विशेष ध्यान आवश्यक छ । विद्यालयस्तरमै प्राविधिक शिक्षालाई एकीकृत गरी त्यसलाई आकर्षक विकल्प बनाउँदा शैक्षिक बेरोजगारीको समस्यालाई न्यूनीकरण गर्न सकिन्छ । वैदेशिक रोजगारीको विकल्पमा स्वदेशमै रोजगारीको सबैभन्दा उपयुक्त विकल्प हो । तर, स्वदेशमै कम्तीमा महिनाको तीस हजार तलब दिने रोजगारी वर्षेनि चार-पाँच लाख रोजगारी सिर्जना गर्न समय लाग्छ । यो वास्तविकतालाई फद्यंगम गरी वैदेशिक रोजगारमा जानेहरूमाथि हुने शोषण (प्रस्थानअघिको उच्च शुल्क, पुगेपछि वाचा गरिएअनुरूप काम, दाम र सुविधा नपाउनु आदि) अन्त गर्नु विदेशबाट विप्रेषण प्राप्त गर्ने कम्तीमा एकचौथाइ प्रतिशत घरधुरी रहेको मुलुकका लागि सुशासनको देखिने रूप हुनेछ । यो समाजवाद पनि हुन सक्छ । चुनावी अभियानका क्रममा मठमन्दिरमा गई आफ्नो सनातन धर्मप्रतिको आस्थालाई जनसमक्ष प्रस्तुत गर्ने उम्मेदवारहरूलाई ती घरधुरीले पाउने राहत धर्मार्जन नै हुनुपर्ने हो । सरकार-सरकार (जीटूजी) संयन्त्रबाट पनि वैदेशिक रोजगारीमा जान मिल्ने व्यवस्थातिर पहल गर्नाले यस क्षेत्रलाई मर्यादित बनाउन सहयोग गर्नेछ । दक्षिण कोरियाबाहेक अन्य मुलुकमा उल्लेख्यरूपमा यस्तो व्यवस्थाका लागि आजसम्म ठोस पहल नहनु उदेकलाग्दो हो । यद्यपि यस्तो प्रयासले न्युयोर्कमा गएर संयुक्त राष्ट्र संघको बैठकमा नेपालको कार्बन उत्सर्जन घटाउने प्रतिबद्धता व्यक्त गर्दा वा दिगो विकास लक्ष हासिल गर्न नेपालले सामना गरिरहेको चुनौती बताउँदै वैदेशिक सहायताको अपेक्षा राख्दा वा जलवायु परिवर्तनले हिमाललाई पारेको असरबारे बोल्दाजस्तो रोमाञ्चकारी नहुन सक्छ, आमजनतालाई जति नै कल्याणकारी भए पनि । एक दशकमा एक पटक हुने श्रमसर्वेक्षणले नीति निर्माण र कार्यान्वयनलाई चाहिने रोजगारीसम्बन्धी अद्यावधिक तत्थ्यांक दिँदैन । विभिन्न नमूना आकारका वार्षिक तथा अर्धवार्षिक श्रमसर्वेक्षणले दिने रोजगार सिर्जना तथा विनाशका गतिशील तत्थ्यांकले श्रमबजारसम्बन्धी नीतिलाई तिखार्दैन मात्र, यसबाट सरकारको रोजगारी सिर्जनासम्बन्धी लक्षयप्रतिको प्रगति पारदर्शी तरिकाले मूल्यांकन गर्न पनि सकिन्छ । सर्वेक्षण गर्नु जति महत्वपूर्ण हो, त्यसको तथ्यांक र नतिजाको कञ्जुस्याइँ नगरी सार्वजनिक पहुँचमा राख्नु उत्तिकै आवश्यक छ । भूतपूर्व केन्द्रीय तथ्यांक विभाग र अहिलेको राष्ट्रिय तथ्यांक कार्यालयले प्राय: पाँच-सात वर्षमा एकपटक गर्ने औद्योगिक सर्वेक्षणमा सोधिएका सबै प्रश्नका जवाफ हुबहु अप्रशोधित तथ्यांक (र डाटा) सहित उपलब्ध गराईदैन, जब कि घरभुरीमा केन्द्रित नेपाल जीवनस्तर सर्वेक्षणका र डाटा किन्न पाइन्छ । भारत, इन्डोनेशियालगायत मुलुकमा उद्योगको पहिचान नखुल्ने गरी उपलब्ध गराइने त्यस्ता तथ्यांक प्रयोग गरी अत्यन्तै नीति सान्दर्भिक अध्ययन अनुसन्धान भएका छन् । यस पंक्तिकारले त्यस्तो तथ्यांक माग्दा कानून संशोधन आवश्यक रहेको जवाफ पाएको सन्दर्भमा नयाँ सरकारले तथ्यांक उपलब्धतामा उदारता देखाउँदा स्वच्छ नयाँपनको आभाष हुनेछ । उल्लेखित डाटा उपलब्ध नहुँदा के बिग्रियो त ? उदाहरणको लागि निर्यातजन्य र अन्य उत्पादनमूलक औद्योगिक इकाइबीच कच्चापदार्थका स्वदेशी र विदेशी श्रोत, श्रमिक संख्या, लगानी, उत्पादकत्व, बिक्री, मूल्यअभिवृद्धि आदि विभिन्न आयामहरूमा के कस्ता भिन्नता छन् भनी पत्ता लगउन सकिन्छ, जुन नतिजाबाट आसन्न अतिकम विकसित राष्ट्रबाट हुन लागेको नेपालको स्तरोन्नतिबाट हुन सक्ने सम्भवित दुष्परिणामलाई न्यूनीकरण गर्न बनेका बग्रेल्ती रणनीतिहरूलाई ठोस तथा व्यावहारिक बनाउन सकिन्छ । खुला सिमानाले सुरक्षा चुनौती निम्त्याउनुका साथै वित्तीय, मौद्रिक तथा औद्योगिक नीतिसहितका आर्थिक नीतिलाई निष्प्रभावी बनाइरहेको छ । चोरी पैठारीको सदैव प्रकोपबीच स्वदेशी उत्पादनको वृद्धि, आयात प्रतिस्थापन र औद्योगिकीकरणका योजनाले अपेक्षित नतिजा ल्याउन सक्दैनन् । तसर्थ खुला सिमानालाई नियमन गर्ने दिशातिर उन्मुख भई सर्वप्रथम प्रशासन र सुरक्षा निकायको प्रभावकारी परिचालनमार्फत अवैध व्यापारलाई नियन्त्रण गर्न नयाँ सरकारले तुरुन्त कम्मर कस्नुपर्छ । आज पनि शान्ति क्षेत्रको प्रस्तावको सान्दर्भिकता घाम जतिकै छर्लङ्ग छ । विदेशी हस्तक्षेप निम्त्याउने खेदपूर्ण परराष्ट्रनीतिमा क्रमभंगताको सशक्त सन्देश नयाँ सरकारले शान्ति क्षेत्रको अवधारणाको पुनर्ताजकीकरण गरेर दिन सक्छ । नेपाल दुई ढुंगाबीचको तरूल रहेको दिव्योपदेशको चीरकालीन सान्दर्भिकतालाई मनन गर्दै तटस्थ र असम्लग्न पराष्ट्रनीति पुनर्जीवित भएको सन्देश दिने शुरुवाती कदमस्वरूप नेपालस्थित विदेशी राजदूत, दातृ निकायका प्रमुख अथवा सोही तहका पाहुनाले प्रधानमन्त्री, मन्त्री र सचिवलाई सजिलै भेट्न पाउने चलनको अन्त्य गरिनुपर्छ ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ योजनाहरु बन्नेछन्। भावनामा आएर गलत निर्णय नलिनुहोला। | **तुला** : कामले गति लिनेछ। भाषण र अभिव्यक्तिको कलामा निखार आउनेछ। |
| **वृष** : स्वास्थमा सुधार आउनेछ। जीवनसाथीसँग भ्रमणको योग रहेको छ। | **वृश्चिक** : मन अशान्त रहनेछ। अरुको लागि बुद्धि र श्रम खर्च गर्नुपर्ला। |
| **मिथुन** : स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ। पारिवारिक समस्याहरू सुल्झिनेछन्। | **धनु** : सन्तानको प्रगति देखेर मन प्रसन्न रहनेछ। स्वास्थ्यले सबल रहनेछ। |
| **कर्कट** : मन प्रसन्न रहनेछ। व्यवसायलाई लिएर गरिएको यात्रा सफल रहनेछ। | **मकर** : सकारात्मक सोचको साथ अगाडि बढ्नुहोस् सफलता मिल्नेछ। |
| **सिंह** : कार्यक्षेत्रमा सहकर्मीहरूको सहयोग मिल्नेछ। आर्थिक पक्ष सबल रहनेछ। | **कुम्भ** : अवसरकोलागि मेहनत धेरै गर्नुपर्ला। प्रशासनिक क्षेत्रबाट सहयोग मिल्नेछ। |
| **कन्या** : वाक्चातुर्यताले विपरीत परिस्थितिलाई आफ्नो अनुकूल बनाउन सकिनेछ। | **मीन** : पयुक्त समयको प्रतिक्षा गर्नुहोस्। पारिवारिक सम्बन्धमा असमझदारी बढ्नेछ। |

**कृषि**

# कपिलवस्तुमा पाइने ब्रतको चामल 'तिन्ना'



कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकामा रहेको अजिगरा ताल क्षेत्रमा तिन्नाको चामल उत्पादन हुने गर्छ । यसलाई रातो जंगली चामल पनि भनिन्छ । यो विशेषगरी सिमसार क्षेत्रको दलदल भू-भागमा पाइन्छ। अंग्रेजीमा यस चामललाई 'रेड वाइल्ड राइस' भनिन्छ । यसको वनस्पतीय नाम 'ओरिजा रुफिपोगन' हो ।

यो चामल उच्च फाइबर, प्रोटिनयुक्त, खनिज र कार्बोहाइड्रेट्सले भरिपूर्ण भएको भनिन्छ । साथै यो ग्लुटेन रहित र फलामयुक्त पोलिस नगरिएको अन्न हो । जुन प्राकृतिक रूपमा दलदली सिमसारमा उब्जाइएको हुन्छ । जसलाई प्राय: सात्विक फाइबर खाना पनि मानिन्छ । प्राकृतिक पोखरीको पारिस्थिततिक प्रणालीमा उब्जिने यो सामान्यतया कीटनाशक, रसायन वा कृत्रिम मलबाट अदुषित हुन्छ । यो डिटोक्स र कल्याणका लागि उपवास आहाराहरूमा व्यापक रूपमा प्रयोग गरिन्छ । तिन्ना चामल एक दुर्लभ, पौष्टिक जंगली रातो चामल हो । यो चामल विशेषगरी हिन्दुहरूको छठ पर्व, हरितालिका तिज, ऋषि पञ्चमी, एकादशी लगायत विभिन्न पर्वहरूका ब्रतालुहरूले चोखो चामलको रूपमा यसको भात पकाएर खाने गर्दछन् । यो कम ग्लाइसेमिक इन्डेक्स खाना हो, जसले गर्दा रगतमा चिनीको मात्रा व्यवस्थापन गर्न यो आदर्श हुने गर्दछ । यो चामल गहिरो रातो खैरोदेखि तीव्र, गाढा रातो रङ हुन्छ, जसमा प्राय: नटी वा माटोको सुगन्ध आउने गर्दछ । रङ चोकर तहमा रहेको प्राकृतिक एन्थोसायनिन पिग्मेन्टबाट उत्पन्न हुन्छ। पकाउंदा, यो रातो खैरो टोनहरु प्राय: तीव्र हुन्छन् । स्थानीय किसान राम विलास यादवका अनुसार यस तिन्ना चामललाई तिन्नी, तिनिया र तुम्बा लगायत विभिन्न नामले पनि चिनिन्छ । यो चामल धार्मिक र सांस्कृतिक उद्देश्यका लागि अत्यधिक मूल्यवान मानिन्छ । यो अक्टोबरदेखि डिसेम्बरसम्म सिमसार क्षेत्र वरपरका स्थानीय समुदायहरूले जंगलबाट संकलन गर्छन् जसलाई प्राय: 'ब्रतको चामल' समेत भन्ने गर्दछन् । तिन्ना चामल एक महत्वपूर्ण अनुवांशिक स्रोत हो र नेपालको ग्रामीण क्षेत्रहरूमा जैविक विविधता र सांस्कृतिक सम्पदाको एक महत्वपूर्ण भाग पनि हो । हाल बजारमा यस चामलको माग अत्यधिक बढेकोले कपिलवस्तुका किसानहरूले तालको वरिपरि यसको खेती समेत गर्न थालेका छन् । हाल यो चामल कपिलवस्तुको बजारमा प्रति के.जी. २३० रूपैयाँमा किनबेच हुने गर्छ । त्रिभुवन विश्वविधालयका वनस्पतिशास्त्री प्रा. डा. मोहन प्रसाद देवाकोटासँग गरिएको कुराकानी अनुसार तिन्ना चामल घाँसे मैदान, सिमसार (भित्री), कृत्रिम स्थलीय, कृत्रिम जलीय र समुद्री क्षेत्रमा उम्रिन्छ । तिन्ना वा रातो चामल २०१७ मा अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघको खतरापूर्ण प्रजातिको रातो सूचीमा हालै मूल्यांकन गरिएको छ । तिन्ना चामल सबैभन्दा कम चिन्ताको रूपमा सूचिबध्द गरिएको छ यसको अर्थ हामीले कुनै पनि प्रकारको खतरा विरूद्ध बोटको बारेमा चिन्ता लिनु पर्दैन । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघका अनुसार तिन्ना चामल नेपाल लगायत अष्ट्रेलिया, बंगलादेश, कम्बोडिया, चीन (जियाङ.सी, हुनान, गुआङ.सी, ग्वाङ.डोङ., युनान), कोलम्बिया, इक्वेडर, गुयाना, हङकङ, भारतका विभिन्न राज्यहरू, इण्डोनेशिया, लाओ जनवादी गणराज्य, मलेसिया, म्यानमार, पपुवा न्यू गिनी, फिलिपिन्स, श्रीलंका, ताइवान, थाइल्याण्ड र भियतनाममा समेत पाइन्छ ।

*-अनलाइन खबर डटकम*

# आठ अर्ब ६१ करोड बढीको अलैँची निर्यात



मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्ममा अलैँची निर्यात ५९ दशमलव ८० प्रतिशतले बढेको छ । कार्यालयको तथ्याङ्कअनुसार उक्त अवधिमा रु आठ अर्ब ६१ करोड २० लाख सात हजार बराबरको अलैँची निर्यात भएको हो । चालु आवको दश महिनाको अवधिमा चार हजार १५३ दशमलव १५ मेट्रिकटन अलैँची निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईँले जानकारी दिए । अघिल्लो आव २०८१/८२ को सोही अवधिमा रु पाँच अर्ब ३८ करोड ८० लाख २० हजार बराबरको अलैँची निर्यात भएको उनले बताए । कार्यालयको तथ्याङ्कअनुसार चालु आवको दश महिनामा चियाको निर्यात २६ दशमलव ७० प्रतिशतले घटेको छ । उक्त अवधिमा रु दुई अर्ब ३२ करोड १२ लाख ५६ हजार मूल्य बराबरको चिया निर्यात भएको छ । आव २०८१/८२ को सोही अवधिमा रु तीन अर्ब १६ करोड ६२ लाख १३ हजार बराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाईँले जानकारी दिए । कार्यालयको तथ्याङ्क अनुसार निर्यात हुने मुख्य वस्तुमा भेनियर सिट ९१ दशमलव १० प्रतिशत, छुर्पी ६३ दशमलव ३० प्रतिशत, अदुवा, सुठो एक सय एक दशमलव ८० प्रतिशत, काउली, ब्रोकाउली र बन्दागोपी ३६ दशमलव १० र मुसुरो दाल ३१६ दशमलव २० प्रतिशत, जडीबुटी ९२ दशमलव ९ प्रतिशतले वृद्धि भएको छ । यसैगरी प्लाउड ४० दशमलव ९० प्रतिशत, अम्रिसो २४ दशमलव ९० प्रतिशतले कमी आएको छ । मेची भन्साबाट चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्त सम्ममा रु १६ अर्ब तीन करोड १५ लाख ८३ हजार बराबरको मालवस्तु निर्यात भएको छ । *-हाम्रा कुरा डटकम*

# किसान चैतेधान रोप्नमा व्यस्त



भोजपुरका ग्रामीण भेगका किसान यतिबेला चैतेधान रोप्नमा व्यस्त छन् । हिउँदयाम सकिएसँगै तापक्रम बढ्न थालेपछि किसानहरू धान रोपाइँमा जुटेका हुन् ।जल्लाका हतुवागढी, अरुण, षडानन्द नगरपालिकालगायतका स्थानीय तहमा रहेका सिँचाइ सुविधा भएका फाँटमा अहिले रोपाइँको चटारो देखिएको छ । समयमै रोपाइँ गर्न सके उत्पादन राम्रो हुने विश्वासका साथ किसान बिहानदेखि बेलुकासम्म खेतमा खटिएका छन् । हतुवागढी गाउँपालिका-२ का जयबहादुर थापाका अनुसार चैतेधान बाली छोटो अवधिमा पाक्ने भएकाले यसबाट वर्षे धानभन्दा छिट्टै आम्दानी लिन सकिन्छ । यसले घरायसी उपभोगसँगै अतिरिक्त आम्दानीको स्रोतसमेत बढाएको उनको भनाइ छ । कावाखोला किनार क्षेत्रका राजा-१२, बिजी र तौली जातका हिउँदे धानको खेतीसमेत यहाँ हुँदै आएको थापाले जानकारी दिए । फागुन अन्तिमदेखि चैतको अन्तिमसम्म हिउँदे धान रोप्ने चलन रहेको उनि बताउन्छन् । आफूले बर्सेनि ४५ देखि ५० मुरीसम्म हिउँदे धान उत्पादन गर्दै आएको उनले बताए । "हामी यो समयमा चैते धान रोप्नमा व्यस्त छौँ", उनले बताए "यतिबेला रोपेको धान असार अन्तिमदेखि साउनको पहिलो सातासम्म भण्डारणयोग्य हुन्छ, त्यसपछि पुन: अर्को बाली लगाउँछौँ ।" यद्यपि पर्याप्त सिँचाइको अभाव, मलखादको कमी र श्रमिक अभावका कारण समस्या देखिएको किसानको गुनासो छ । सिँचाइ सुविधा नपुगेका क्षेत्रमा भने रोपाइँ ढिला हुने अवस्था छ । दुई नगरपालिका र सात गाउँपालिका रहेको भोजपुरमा करिब १२ हजार १५४ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार जिल्लामा यस वर्ष ३६ हजार ९९८ मेट्रिक टन धान उत्पादन भएको छ । परम्परा र संस्कृति बचाउन देवाली थान संरक्षणमा लगानी हतुवागढी गाउँपालिका-१ घोडेटारले स्थानीय संस्कार तथा संस्कृतिको संरक्षणमा सक्रिय पहल थालेको छ । पुस्तौँदेखि चल्दै आएको मौलिक परम्परालाई जोगाउँदै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यसहित वडाले विभिन्न सांस्कृतिक धरोहरहरूको संरक्षण तथा प्रवर्द्धनमा जोड दिएको हो । स्थानीयले मान्दै आएको परम्परागत संस्कृतिलाई पुनर्जीवन दिने लक्ष्यका साथ खप्तरी बस्नेत समुदायसँग सम्बन्धित 'देवाली थान'को संरक्षण कार्य अघि बढाइएको हतुवागढी-१ का वडाध्यक्ष कुमार विष्टले जानकारी दिए । धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण उक्त थानको संरक्षणले स्थानीय पहिचान जोगाउन महत्त्वपूर्ण योगदान पुग्ने उनको भनाइ छ । गाउँपालिका र वडा कार्यालयको सहकार्यमा विभिन्न आर्थिक वर्षमा गरी रु चार लाख ५० हजारको लागतमा देवाली थान संरक्षण गरिएको वडाध्यक्ष विष्टले बताए । "स्थानीय संस्कार-संस्कृतिको संरक्षणमा हामी प्रतिबद्ध छौँ", उनले बताए "विभिन्न जातजातिका परम्परा र पहिचानसँग जोडिएका यस्ता सम्पदाहरूको संरक्षणलाई निरन्तरता दिएका छौँ ।" पछिल्लो समय आधुनिकता र तीव्र बसाइँसराइका कारण गाउँघरमा परम्परागत संस्कार हराउँदै जान थालेपछि यसको संरक्षणमा विशेष ध्यान दिइएको उनले उल्लेख गरे । स्थानीय तहको प्राथमिकतामा परेका पुराना संस्कृति, रीतिरिवाज तथा धार्मिकस्थलहरूको संरक्षणले परम्परा जोगाउन टेवा पुगेको स्थानीयवासी विनोद बस्नेतले बताए । "पहिले देवाली थानको संरक्षण नहुँदा विभिन्न समस्या थिए", उनले बताए "अहिले स्थानीय सरकारको सहयोगमा घेराबारसहित संरक्षण भएपछि पूजा-आराधना गर्न सहज भएको छ । यसबाट करिब एक सय बस्नेत घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन् ।" यस्ता प्रयासले नयाँ पुस्तालाई आफ्नै संस्कृति र पहिचानप्रति सचेत बनाउन महत्त्वपूर्ण भूमिका खेलेको उनको विश्वास छ । गाउँपालिकाका अध्यक्ष प्रेमकुमार राईका अनुसार स्थानीय तहले विभिन्न जातजातिका धार्मिक तथा सांस्कृतिकस्थलको संरक्षण, पुनर्निर्माण तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसले संस्कृतिको दिगो संरक्षणसँगै स्थानीय आर्थिक तथा पर्यटन विकासमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । *-रासस*

# एक करोड लगानी गरेर भेडाबाख्रा फार्म खोलेका हिमबहादुर



रोजगारीको सिलसिलामा २० वर्ष विदेशमा बिताएका म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कवाङका ५० वर्षीय हिमबहादुर छन्त्याललाई सहरबजारको सुविधायुक्त बसाइ छाडेर भेडाबाख्राको पछि लागेर लेकबेसी गर्नुपर्ने बाध्यता थिएन् । सुविधा, अवसर र रोजगारीको लागि गाउँबाट सहर र सहरबाट विदेश पलायन हुने क्रम चलिरहेका समयमा म्याग्दीको विकट र दुर्गम क्षेत्रका रुपमा चिनने मल्कवाङका हिमबहादुर भेडाबाख्रा पालेर जङ्गल पसेका छन् । "युएइमा २० वर्ष काम गरेर कमाएको पैसाले पोखरामा घरपरिवारसँगै बिलासी जीवन बिताउन पनि पुग्ने थियो," उनले भने "आफ्नो जन्मिएको ठाउँमा पनि केही गरौँ । कोही गाउँ छाडेर गए पनि कोहीले केही गर्नुपर्छ भन्ने भावनाले प्रेरित भएर जन्मथलो फर्किएर ब्यावसायिक भेडाबाख्रा पालेको हो ।" हिमबहादुरले विदेशमा आर्जेको अनुभव र पुँजीलाई परिचालन गरेर जन्मथलोमा 'मल्कवाङ भेडाबाख्रा फार्म' सञ्चालन गरेका छन् । उनका परिवार र आफन्त पोखरामा बसोबास गर्नुहुन्छ । उनि भने छ सय भेडा चराउँदै हिउँदमा बेसीका फाँट र बर्खामा हिमालको काँखमा घुम्ती गोठ लिएर पुग्ने गरेका छन् । "असोजमा बेसी झारेको भेडागोठ हिउँदभरी मल्कवाङको फेदी खालीखोलामा राखे," उनले भने "वैशाख महिनासँगै गोठ लेकतिर सार्दै साउन-भदौमा धौलागिरि हिमालको बुकी पाटनमा पुऱ्याउछौँ ।" सहरबजारको कोलाहल, प्रदूषण र तनाव भन्दा भेडाबाख्रासँगै लेकबेसी गर्दा रमाइलो लाग्ने हिमबहादुरले अनुभव सुनाए । एक वर्षमा तीन सयको हाराहारीमा भेडाबाख्रा बिक्री गर्ने हिमबहादुरले आफू स्वरोजगार बन्नुका साथै गाउँका तीन जनालाई रोजगारी दिएका छन् । करिब रु एक करोड लगानी गरेर भेडाबाख्रा फार्म खोलेका हिमबहादुरले वार्षिक रु ३० देखि ४० लाखको भेडाबाख्रा बिक्री हुने बताए । मासु र पूजाआजाका लागि गोठबाटै भेडाबाख्राको खसीबोका बिक्री हुन्छन् । उत्पादन गर्न सकेमा बजारको समस्या नभएको हिमबहादुरको अनुभव छ । भेडाबाख्रालाई हिउँको चिसोबाट बचाउनका लागि धवलागिरि गाउँपालिकाले खालीखोलामा टहरा निर्माण गर्न सघाएको वडाध्यक्ष अमर छन्त्यालले बताए । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले आन्तरिक तथा बाह्य परजीवी तथा महामारीकाविरुद्ध नि:शुल्क खोपको व्यवस्था मिलाएको छ । घुम्ती गोठमा भेडाबाख्राको सुरक्षाका लागि हिमबहादुरले पाँच वटा कुकुर पालेका छन् । खाद्यान्न ढुवानी गर्न दुई वटा घोडा पनिसँगै पालेका छन् । चरन क्षेत्रको कमी, वन्यजन्तुको आक्रमण र मौसममा आएको परिवर्तन भेडापालनमा चुनौती बनेको हिमबहादुरले बताए । *-रासस*

# आजदेखि मतदाता नामावली सङ्कलन गरिँदै



**पाल्पा,** चैत २१/आज आइतबारदेखि निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम पुन: सञ्चालन गर्दै छ । आयोगको यही चैत १८ गतेको बैठकले उक्त कार्यक्रम पुन: थाल्ने निर्णय गरेको हो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ घोषणा भएपछि आयोगले गत मङ्सिर ६ गतेदेखि उक्त कार्य स्थगन गरेको थियो । राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपालीले त्यसमा निहित विवरण प्रविष्ट गरी अनलाइनबाटै नाम दर्ता गर्नसक्ने छन् । राष्ट्रिय परिचयपत्र नबनाएकाले आयोगको 'प्रि-इन्रोलमेन्ट' प्रणालीमार्फत अनलाइन फाराम भरी फोटो तथा औँठाछापसहितको जैविक विवरण प्रविष्ट गर्नुपर्ने छ । प्रदेश र जिल्ला निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सकिने छ । साथै मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने (नाम, थर, ठेगाना सच्याउने: एकै वडाभित्र दुई वा सोभन्दा बढी मतदान स्थल रहेको भए मतदातालाई पायक पर्ने स्थानमा नाम सार्नेह नागरिकता अनुसारको विवरण नभई अन्यथा भएको भए नागरिकता अनुसार सच्याउने: आदि), दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइको विवरण अद्यावधिक गर्ने लगायतका कार्यका लागि समेत अनलाइन माध्यमवाट आवेदन गर्न सकिने व्यवस्था मिलाइएको आयोगका सहसचिव एवं प्रवक्ता नारायण प्रसाद प्रसाद भट्टराईद्वारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ ।

# स्वास्थ्य क्षेत्रमा फड्को...

...कार्यक्रममा दुवै वडाका महिला स्वयमसेविका, स्वास्थ्यकर्मी, जग्गादाताहरुलाई दोषल्ला ओढाएर, प्रमाणपत्रसहित सम्मान गरिएको थियो । कार्यक्रमका सहभागीहरुले भौतिक संरचना बनेसँगै अब सेवाको गुणस्तरमा पनि कुनै सम्झौता नगर्न स्वास्थ्यकर्मीहरूलाई आग्रह गरेका छन् । स्थानीय बासिन्दाहरूले आफ्नै गाउँमा सुविधासम्पन्न भवन बनेकोमा खुसी व्यक्त गर्दै अब सामान्य उपचारका लागि पनि शहर धाउनुपर्ने बाध्यता अन्त्य हुने आशा व्यक्त गरेका छन् । विरकोटमा निमार्णाधिन १५ शैयाको पालिका अस्पताल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने तयारीमा गाउँपालिका जुटेको छ । पूर्बखोलाले स्वास्थ्य पूर्वाधारमा देखाएको सक्रियताले अन्य स्थानीय तहका लागि पनि प्रेरणाको स्रोत बनेको छ । वडा नं. ४ को देवीनगर स्वास्थ्य चौकी भवन छिटो सम्पन्न गरी सिंगो पालिकालाई नै 'शतप्रतिशत आधुनिक स्वास्थ्य पूर्वाधार युक्त पालिका' बनाउन गाउँपालिका लागेको छ ।

## खेलकुद समाचार

### एपीएफको दोश्रो जीत कर्णाली १० विकेटले पराजित



**काठमाडौं,** चैत २१/प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले कर्णाली प्रदेशलाई हराएको छ । शनिबार भएको खेलमा एपीएफले कर्णालीलाई १० विकेटले हराएको हो । कर्णालीले दिएको १ सय ८ रनको लक्ष्य पछ्याएको एपीएफले १२ ओभरमा कुनै पनि विकेट नगुमाई भेटायो । एपीएफका आसिफ शेखले अविजित ६५ र दीपक बोहराले अविजित ४२ रन बनाए । त्यसअघि जनकपुरधाममा टस जितेर ब्याटिङ गरेको कर्णाली २६ ओभरमा १ सय ७ रन बनाउँदा अलआउट भयो । कर्णालीका अर्जुन घर्तीले सबैभन्दा धेरै ३८ रन बनाए । एपीएफका दीपेश कँडेलले ४ विकेट लिए । प्रतियोगितामा एपीएफको यो दोश्रो जीत हो । एपीएफ ६ खेलमा ५ अङ्कसहित छैटौं स्थानमा छ भने समान खेलमा कर्णाली ३ अङ्कसहित आठौं स्थानमा छ । वीरगञ्जमा भइरहेको अर्को खेलमा गण्डकी प्रदेश र कोशी प्रदेशको खेल चल्दैछ । गण्डकीले दिएको २ सय २८ रनको लक्ष्य कोशीले पछ्याइरहेको छ । प्रतियोगितामा १० वटा टोली रहेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

### 'पिएसपिपी'बाट देशको आर्थिक उन्नयनमा योगदान पुग्ने



**भैरहवा (रुपन्देही),** चैत २१/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन योजना (पिएसपिपी)को स्वागत गर्दै त्यसले देशको आर्थिक उन्नयनमा योगदान पुग्ने विश्वास व्यक्त गरेका छन् ।

नेपाल उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेशको भैरहवामा भएको आठौं सभामा उनले उक्त योजना निजी क्षेत्रको मनोबल उकास्ने लक्ष्यका साथ सरकारले प्रस्तुत गरेको बताउँदै त्यसलाई निजी क्षेत्रले सकारात्मक ठानेको उल्लेख गरे । "हामीले वर्षौंदेखि निजी क्षेत्रको सुरक्षा र प्रवर्द्धनका लागि ठोस कार्ययोजनाको माग गर्दै आएका थियौँ", उनले भने, "सरकारले हाम्रो प्रस्तावलाई स्वीकार गरेकामा हामी आभारी छौँ ।" शिक्षण संस्थालाई 'शान्ति क्षेत्र' घोषणा गरिए जस्तै निजी क्षेत्रलाई निर्वाध रुपमा काम गर्ने वातावरण सुनिश्चित गर्नुपर्नेमा अध्यक्ष ढकालले जोड दिए । महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले निजी क्षेत्रका समस्या समाधानका लागि व्यवसायीहरुबीच कार्यगत एकता अपरिहार्य भएको बताए । **-रासस**


# चमेना गृह सञ्चालन सम्बन्धी बोलपत्र आह्वानको सूचना

*प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/१२/२२*

यस विद्यालय हाताभित्र विद्यालयका शिक्षकहरु, कर्मचारी, विद्यार्थी लगायत काम विशेषले विद्यालयमा आउनुहुने अभिभावक तथा अन्य अतिथिहरुको लागि खाना/खाजा उपलब्ध गराउने गरी विद्यालय व्यवस्थापन समितिको मिति २०८२/१२/१९ को निर्णय अनुसार दरभाउका माध्यमद्वारा सम्झौता गरि चमेनागृह सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलका शर्तहरुको अधिनमा रहि रितपूर्वक दरभाउपत्र यस विद्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । साथै थप जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क गर्न सकिने व्यहोरा समेत जानकारी गाइन्छ ।

**तपसिल**

१.आवेदन शुल्क रु १०००
२.आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३.आवेदकको PAN दर्ताको प्रतिलिपि ।
४.संस्था वा फर्मको हकमा
 संस्था वा फर्म दर्ताको प्रतिलिपि ।
 कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
५.हस्तलिखित निवेदन ।
६.आवेदकले दिने सेवाको दरभाउपत्र ।
७.चमेना गृहमा प्रदान गरिने सेवाहरुको विवरण विद्यालयबाट लिइ दररेटसहित दरभाउपत्र पेश गर्नुपर्ने छ ।
८.दर्ता नभएका व्यक्तिले १५ दिन भित्र दर्ता गर्ने सर्तमा निवेदन पेश गर्न सक्ने छन् ।

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
**तानसेन-२, पाल्पा**
सम्पर्क नं. : ०७५-५२०४२८, ९८५७०६०६५१



# हार्दिक बधाई तथा शुभकामना



**विनायक महर्जन**
**महासचिव**



**किशोर दर्शन बज्राचार्य**
**कार्य समिति सदस्य**

जिल्लाका उद्योगी व्यवसायीहरुको छाता संगठन पाल्पा उद्योग वाणिज्य संघको यही मिति २०८२ चैत १४ सम्पन्न निर्वाचनबाट नारायण युवा क्लवका अध्यक्ष विनायक महर्जन महासचिव र क्लवका पूर्व अध्यक्ष किशोर दर्शन बज्राचार्य कार्य समिति सदस्य जस्तो गरिमामय पदमा निर्वाचित हुनुका साथै हाम्रा शुभेच्छुकहरु समिरमान सिंह संघको अध्यक्ष, रञ्जना कुमारी थापा अर्याल वाणिज्य उपाध्यक्ष, मुक्तिराम जिसी उद्योग उपाध्यक्ष, कोषाध्यक्षमा अमन प्रसाद श्रेष्ठ, सचिवमा सुरेश गोदार सहित कार्यसमिति सदस्यहरुमा सञ्जय कुमार श्रेष्ठ, विष्णु बहादुर पछाई, विनोद नेपाल, विश्व के.सी, नारायण पछाई, नारायण न्यौपाने, लक्ष्मण रेग्मी, सविन मल्ल,मोहन बहादुर कुवँर, रमेशराज बज्राचार्य, निराकार श्रेष्ठ, विदुर घिमिरे, कमल प्रसाद पाण्डे, जीवन पाण्डेय, दिपक घिमिरे, गंगाराम नेपाल, समत मियाँ, दामोदर गैरे, बालकृष्ण बस्याल, प्रज्वल राज शाक्य र नम्रता खाती निर्वाचित हुनु भएकोमा **हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।**

**विष्णु प्रसाद श्रेष्ठ**
**सचिव**

**एवं**

**सुनिल बुद्धाचार्य**
**उपाध्यक्ष**

**नारायण युवा क्लव परिवार**
**तानसेन -२ पाल्पा**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई